**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 02.04.2024**

## ईलेक्सन क्याम्पियन

अठारौं लोकसभा र एघारौं सिक्किम विधानसभा चुनाउलाई लिएर राज्यमा राजनीतिक गतिविधि तीव्र भएको छ। सत्तारूढ़ र विपक्षी पार्टीहरू विभिन्न निर्वाचन क्षेत्रमा चुनाउ प्रचार गर्न व्यस्त छन्। आज पश्चिम सिक्किममा चुनाउ प्रचार अभियानका बेला सिक्किम प्रजातान्त्रिक मोर्चा एसडिएफ का अध्यक्ष तथा पूर्व मुख्यमन्त्री श्री पवन चामलिङ्ले उहाँको पार्टी सत्तामा आएको खण्डमा चिवा भञ्ज्याङलाई अन्तर्राष्ट्रिय पर्यटनस्थल बनाउने र पुरानो पेन्सन योजना लागू गर्ने घोषणा गर्नुभयो।

मानेबुङ देन्तामको ही बजारमा आयोजित जनसभालाई सम्वोधन गर्दै उहाँले भन्नुभयो एसडिएफले सरकार गठन गरेको खण्डमा सरकारी कर्मचारीहरूको सामयिक अवकाश क्याजोल लिभ लाई बढ़ाएर पन्ध्र दिन गरिनेछ। मानेबुङ देन्तामका एसडिएफ उम्मेदवार श्री टीका राम छेत्रीले समष्टिका विभिन्न क्षेत्रले पर्यटनस्थल बनाउने प्रतिज्ञा गर्नुभयो। लोकसभा उम्मेदवार श्री पी डी राईले पनि सभालाई सम्वोधन गर्नुभयो।

अर्कातिर गेजिङ वर्मेकका जनतालाई सम्वोधन गर्दै सिक्किम क्रान्तिकारी मोर्चा एसकेएम पार्टीका उम्मेदवार तथा मन्त्री श्री लोकनाथ शर्माले पाँच वर्षको कार्यकालमा राज्यमा र उहाँको निर्वाचन क्षेत्रमा कृषि तथा पशुपालन क्षेत्रमा गरिएका कार्यहरूको उल्लेख गर्नुभयो। यसैगरी दक्षिण सिक्किमको नाम्ची जिल्ला अन्तर्गत राङगाङ याङगाङ निर्वाचन क्षेत्रकी एसकेएम प्रत्याशी श्रीमती राजकुमारी थापाले लिङमो गाउँमा आयोजित जनसभामा बोल्दै चुनाउमा विजयी भएको खण्डमा सबै कार्यकर्ता र नेताहरूको सामूहक निर्णयमा काम गर्ने र क्षेत्रको विकास गर्ने वचन दिनुभयो।

## ईभिएम भिभिपिएटी(EVM VVPAT)

आगामी आम चुनाउ 2024 मा गान्तोक जिल्लामा प्रयोग गरिने इलेक्ट्रोनिक भोटिङ मशिन ईभिएम र भिभिपेट को दोस्रो चरणको छासमिस गर्ने कार्य बुर्तुक हेलीपेड नजीकै राज्य शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद एससिईआरटी(SCERT) को प्रेक्षागृहमा आज सम्पन्न भयो। गान्तोक जिल्लाका लागि आम पर्याविक्षक श्री जितेन्द्र कुमार र पुलिस पर्याविक्षक श्री रञ्जित कुमार मिश्रको देखरेखमा भएको यस प्रक्रियामा जिल्ला निर्वाचन अधिकारी श्री तुषार निखरे अन्य अधिकारीहरू र विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू उपस्थित थिए।

गान्तोक जिल्ला अन्तर्गत सिक्किम संसदीय समष्टि सिक्किम विधानसभामा समष्टि र संघ समष्टिका लागि निर्धारित ईभिएम र भिभिपेट लाई छासमिस गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा सबै उम्मेदवार र उनीहरूका एजेन्टहरूलाई ईभिएम र भिभिपेट को सूची पनि वितरण गरियो। यसमा बोल्दै आम पर्याविक्षक श्री जितेन्द्र कुमारले राजनीतिक पार्टीहरूसित मतदान एजेन्ट नियुक्त गर्ने आग्रह गर्नुभयो।

उहाँले राजनीतिक पार्टीहरूलाई शिकायतहरू सम्बन्धित अधिकारीलाई पठाउनअघि सत्यापन गर्नु भन्नुभएको छ। श्री कुमारले आश्वासन दिनुभए अनुसार सबै शिकायतहरूको जाँच गरी भेदभावबिना कार्रवाई गरिनेछ। पुलिस पर्याविक्षक श्री रञ्जित कुमार मिश्रले राजनीतिक पार्टीहरूसित सम्वेदनशील मतदान केन्द्रहरूबारे उहाँलाई जानकारी दिने र झुटा समाचारहरूमातइ ध्यान नदिने आग्रह गर्नुभएको छ। उल्लेखनीय छ गान्तोक जिल्ला अन्तर्गत चुनाउका लागि ईभिएम र भिभिपेट राख्ने कार्य आँउदो

शुक्रवार पाँच अप्रेलदेखि आठ अप्रेलसम्म गरिनेछ।। जिल्लामा होम भोटिङ प्रक्रिया पनि यसै अवधिमा हुनेछ।

**ईलेक्सन अबजर्भर भिजिट**

गेजिङ जिल्लाकगा लागि खर्च पर्यावेक्षक श्रीमती अमलदीप कौरले हालै लेग्शेपमा जाँच चौकीहरूको निरीक्षण गर्नु भयो। चुनाउ खर्च सम्वन्धी मानदण्ड पालन र चुनाउ प्रक्रिया स्वच्छ रहेको सुनिश्चित गर्न खर्चका लागि सम्वन्धी गतिविधिहरूको निरीक्षण गर्नु भ्रमणको उद्देश्य थियो। जाँच चौकीहरूमा सम्पूर्ण व्यवस्थाप्रति सन्तोष प्रकट गर्दै उहाँले चनाउका बेला धनशक्तिको अचाँहिदो प्रभावलाई रोक्न सतर्क रहनुपर्ने आवश्यकतामाथइ जोड़ दिनुभयो।

**मंगन वाकथन**

आम चुनाउ 2024 का लागि व्यवस्थित मतदाता शिक्षा तथा मतदाता सहभागिता एसभिईईपी पहल अन्तर्गत मंगन जिल्लाको, जिल्ला निर्वाचन अधिकारी कार्यालयले आज वकाथन आयोजित आयोजित गर्यो। चुनाउमा सहभागिताका लागि प्रोत्साहित गर्ने दिशातर्फ महत्वपूर्ण पाइलाको एक भागको रूपमा आयोजना गरिएको वकाथनलाई जिल्लाधीश श्री हेमकुमार छेत्रीले प्रस्थान गराउनुभयो। मंगन बस स्ट्याण्डबाट शुरू भएर पाकशेप भिउफोइन्टमा समाप्त भएको वकाथनमा मंगन उच्चतर माध्यमिक विद्यालयका छत्तीसजना विद्यार्थीहरू र जिल्लाको विभिन्न विभागका अधिकारी तथा कर्मचारीहरू सहभागी बने।

जिल्ला निर्वाचन अधिकारीले राष्ट्रको प्रजातान्त्रिक मार्गलाई आकार दिनमा प्रत्येक नागरिक विशेष गरी युवाहरूको भूमिका महत्वपूर्ण रहेको कुरो बताउँदै मतदाता शिक्षावारे जागरूकता ल्याउन आवश्यक रहेको कुरो बताउनुभयो। पछि सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरियो।

**बि आर अम्वेडकर जयन्ती**

सम्विधान निर्माता भारतरत्न डा भीम राव अमेवेडकरको एकसय तैंतिसौं जयन्तीको अवसरमा यसै महीना चौध तारीक राज्य स्तरीय समारोह आयोजनवारे चर्चा गर्न गान्तोकको टाशीलिङ सचिवालयमा एउटा बैठक बस्यो। मुख्य सचिव श्री विजय भूषण पाठकको अध्यक्षतामा बसेको बैठकमा यो समारोह राज्य विधानसभा परिसरमा आयोजना गर्ने निर्णय लिइयो। आगामी लोकसभा र सिक्किम विधानसभा चुनाउलाई ध्यानमा राखेर कार्यक्रम आदर्श आचार संहिताको नियम अनुरूप गरिनेछ।